नेपाल सरकार

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार बोर्डको सचिवालय**

# आ.ब. २०७७।०७८ असोज महिनासम्मको संक्षिप्त प्रगति

## (१) उद्दार (Repatriation)

### क) अलपत्र कामदारको उद्दारका लागि पहल

- कोभिड-१९ का कारण समस्यामा परी स्वदेश फर्किएका नेपाली कामदारहरुको तथ्यांक संकलनका लागि अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षमा २४ सै घण्टा थप जनशक्ती परिचालनका लागि आवश्यक समन्वय र व्यवस्थापकीय सहयोग प्रदान गरिएको ।
- वैदेशिक रोजगारीको सिलसिलामा कोभिड-१९ लगायत अन्य कारण अलपत्र परेका नेपाली कामदारहरुलाई कोषको रकमबाट उद्दारका लागि सम्बन्धित नियोगहरुसँग नियमित सम्पर्क तथा समन्वय भैरहेको छ । यसै सिलसिलामा ३ महिला सहित ३९ जनाको उद्दारका लागि विभिन्न मुलुकका नेपाली राजदूतावासहरुमा पत्राचार गरी अनुरोध गरिएको छ ।

### ख) अलपत्र शव व्यवस्थापन

- वैदेशिक रोजगारीका सिलसिलामा विविध कारणले मृत्यु भएका एक महिला सहित २६८ जना मृतक कामदारको शव अन्तर्राष्ट्रिय विमानस्थलदेखि निशुल्क रुपमा सम्बन्धित मृतकको घर ठेगानासम्म ढुवानी गरिएको छ भने सम्बन्धित परिवारको तर्फबाट सहमति प्राप्त भएका कूल २३४ जनाको शव सम्बन्धित मुलुकमा नै अन्त्येष्टी गरिएको छ । यसरी सहमति प्रदान गर्ने परिवारलाई सान्त्वना राहत स्वरुप बोर्डबाट प्रदान गरिने थप ५० हजार रकम प्रदान गर्ने कार्य अगाडी बढाईएको छ । सम्बन्धित मुलुकमा अन्त्येष्टी गरिएका २३४ जना नेपाली कामदारमध्ये १३१ जना कोरोना संक्रमणका कारण मृत्यु भएको जानकारी समेत सम्बन्धित नियोगहरुबाट प्राप्त हुन आएको छ ।

## (२) राहत (Relief)

वैदेशिक रोजगारीको क्रममा मृत्यु वा अङ्गभङ्ग भएका कामदारका नजिकका हकदारलाई नियमानुसारको आर्थिक सहायता, अंगभंग भएका कामदारलाई क्षतिपूर्ती/राहत लगायत अलपत्र कामदारको उद्दारका कार्यका लागि असोज महिनासम्ममा सचिवालयबाट देहाय बमोजिमको रकम खर्च गरिएको छ –

| सि.नं. | राहत विवरण | महिला | पुरुष | जम्मा | रकम रु |
|---|---|---|---|---|---|
| १ | मृतक कामदारका परिवारलाइ सात लाख आर्थिक सहयोग | ५ | ३२३ | ३२८ | २१,९२,१०,०००।०० |
| २ | अङ्गभङ्ग/विरामी भएका कामदारलाइ आर्थिक सहायता | १ | २२ | २३ | १,०५,९०,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अलपत्र शव नेपाल झिकाउनका लागि रकम पठाईएको | २ | ५ | ७ | २७,७०,८३१।०० |
| ४ | मृतकको शव घर ठेगानासम्म निशुल्क ढुवानी गरिएको | १ | २६७ | २६८ | ५९,४०,०१६।५१ |
| ५ | अलपत्र कामदारको उद्दार/टिकटका लागि मलेसियामा रकम पठाईएको | | | ८६ | ३०,००,०००।०० |
| | **कूल** | ९ | ७०३ | ७१२ | **२४,१५,१०,८४७।५१** |

वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौं संशोधनमा व्यवस्था भए बमोजिम वैदेशिक रोजगारीको क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, छात्रवृत्ती सहायता लगायत कामदार तथा तिनका परिवारको राहत एवं सामाजिक सुरक्षाका लागि बोर्डबाट प्रदान हुँदै आएको आर्थिक सहायताका लागि स्थानीय तहबाट नै निवेदन दिन सकिने र सचिवालयबाट यस्ता आर्थिक सहायता रकम पीडितको बैंक खातामा सिधै पठाउन सकिने व्यवस्था भए अनुरुप सचिवालयबाट अनलाईन प्रणाली (Foreign Employment Welfare Information Management System-FEWIMS) र उक्त प्रणाली सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधिको मस्यौदाको तर्जुमा गर्ने काम अन्तिम चरणमा पुगेको छ । बोर्डको आगामी बैठकमा यसबारे प्रस्तुति एवं छलफल गरी निर्णयार्थ पेश गर्ने सचिवालयले तयारी गरेको छ ।

## (२) पुनर्एकीकरण (Reintegration)

वैदेशिक रोजगारीको सिलसिलामा कोभिड–१९ लगायतका कारण समस्यामा परी फर्किएका नेपाली कामदारहरुलाई सामाजिक एवं आर्थिक पुनर्एकीकरणका गर्ने उद्देश्यले सचिवालयबाट तयार पारिएको पुनर्एकीकरण कार्यविधि (सञ्चालन तथा व्यवस्थापन), २०७७ को मस्यौदा छलफल एवं निर्णयार्थ बोर्डको बैठकमा पेश गरेको छ । बोर्डको आगामी बैठकमा निर्णय भै मन्त्रालयबाट नीतिगत रुपमा सहमति प्राप्त भएपछि कार्यक्रम कार्यान्वयमा लाने गरी सचिवालयबाट आवश्यक तयारी पूरा गरी सकेको छ ।

## (३) अन्य

- शैक्षिक सत्र २०७७ को लागि छात्रवृत्ति सहायता प्रदान गर्न सूचना प्रकाशन गरी निवेदन संकलन गर्ने कार्य सुचारु गरिएको ।
- निशुल्क शव ढुवानीको लागि परामर्श सेवा खरिद सम्झौता सम्पन्न भएको ।
- कार्यालय सुरक्षाका लागि परामर्श सेवा खरिद प्रकृया सम्पन्न गरिएको ।
- विश्वविद्यालयमा स्नातक तहमा अध्ययनरत् विद्यार्थीहरुका लागि इन्टर्नशीप सहायता अन्तर्गत ६ जना ईन्टर्नहरु छनौट गरी परिचालन गरिएको ।
- सुरक्षित वैदेशिक रोजगारसम्बन्धी नियमित सूचनामूलक सन्देश सामग्रीको साप्ताहिक रुपमा उत्पादन र प्रशारणका लागि नेपाल टेलिभिजन र रेडियो नेपालसँग सम्झौता सम्पन्न भै नियमित रुपमा प्रशारण भैरहेको । सम्झौता अन्तर्गत नेपाल टेलिभिजनले ईटहरी प्रशारण केन्द्रबाट निशुल्क रुपमा साप्ताहिक कार्यक्रम प्रशारण गरिरहेको छ भने रेडियो नेपालले बर्दिवास क्षेत्रीय प्रशारण केन्द्रबाट मैथली भाषामा निशुल्क रुपमा कार्यक्रम प्रशारण भैरहेको ।
- चालू आ. ब. का लागि श्रम कल सेन्टरको सेवा खरिद प्रकृया अगाडी बढाईएको ।